जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ६५ २०८२ साल असोज २० गते सोमबार (6 Oct 2025 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विज्ञ भन्छन्- विपद्मा मनोबल ... ३ पृष्ठमा : इतिहासको मूल्य ... ३ पृष्ठमा : भारतका तीन राज्यले ...

# कोशी व्यारेजको ५६ वटै ढोका खोलियो पुलबाट सवारी साधन आवजजावतमा रोक



**दैनिक समाचारदाता राजविराज, १९ असोज ।**

यस बर्षकै पानीको उच्च बहाब भएपछि कोशी ब्यारेजको सबै ५६ वटा ढोका खोलिएको छ । कोशी ब्यारेजको इतिहासमा ५६ वटै ढोका खोलिएको यो छैठौं पटक हो ।

पछिल्लो पटक आईतबार विहान ९ बजे ४ लाख ३१ हजार ५ सय २५ क्युसेक प्रति सेकेन्ड पानीको बहाब भएपछि ५६ वटै ढोका खोलिएको हो ।

साँझ ५ बजेसम्म पानीको बहाब अझै बढेर ५ लाख ३३ हजार २ सय क्युसेक प्रति सेकेन्ड पुगेको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ ।

कोशी ब्यारेजको कुल भारबहन क्षमता ९ लाख क्युसेक प्रति सेकेन्डको रहेको छ । कोशीमा पानीको बहाब निरन्तर बढदै गएपछि प्रहरीले पुलमा ढाट लगाएर आवागम बन्द गरेको छ भने खतरा सम्बन्धी संकेत स्वरुप रातो झण्डा संगै रातो बत्ती बालिएको छ ।

सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले कोशी ब्यारेजमा बर्षाले निम्ताउन सक्ने जोखिमबारे जिल्ला प्रहरी प्रशासन हाइअलर्ट अवस्थामा रहेको भन्दै आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन माईकिंग मार्फत समेत सचेत गराइएको जानकारी दिए ।

उनले कोशी ब्यारेज पुलबाट मोटरसाईकल, साईकल तथा पैदल यात्रुलाई आवत जावत गर्न दिईएपनि ठूला सवारी साधनलाई पुर्ण बन्देज लगाइएको जानकारी समेत दिए ।

यसअघि सन् १९६८ मा ७ लाख ८८ हजार २ सय क्युसेक, सन् १९८७ मा ५ लाख २३ हजार क्युसेक, २०८० साउन २९ गते ४ लाख ७३ हजार क्युसेक, २०८० भाद्र ८ गते ४ लाख ६३ क्युसेक तथा २०८१ असोज १२ गते ६ लाख ६१ हजार क्युसेक प्रति सेकेन्ड पानीको बहाब पुग्दा सबै ५६ वटा ढोका खोलिएको इतिहास छ ।

यता दुई दिनको अविरल वर्षाका कारण खाडो, जिता र त्रियुगा नदीमा आएको बाढीले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको २ सय भन्दा बढी तथा सप्तकोशी नगरपालिकाको ६० भन्दा बढी घर डुवानमा परेको स्थानीय प्रशासनले जनाएको छ ।

डुवानमा परेका बस्तीका वासिन्दालाई सुरक्षित स्थानमा पुर्‍याइ आवश्यक राहतको व्यवस्था मिलाउन लागिएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।

# पानीजन्य रोग बढ्न सक्ने भएकाले सचेत रहन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं, १९ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्राकृतिक विपद्मा पानीजन्य रोग देखिने भएकाले सचेत रहन आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले प्राकृतिक विपद्मा तत्काल चोटपटक लाग्ने र अन्य भौतिक क्षति देखापरे पनि त्यसपछि पानीजन्य रोग देखिने भएकाले त्यसबाट बच्न आग्रह गर्नुभएको हो । उहाँका अनुसार प्राकृतिक विपद्का बेला पानी प्रदूषित भई निम्त्याउन सक्ने पानीजन्य रोग पखाला, हैजा तथा कीटजन्य रोग डेङ्गी, मलेरिया पनि बढ्न सक्ने हुनाले सबैलाई सतर्कता अपनाउन आग्रह गरिएको हो । त्यस्ता लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा जानसमेत अनुरोध गरिएको छ ।

यस्तै, हाल प्राकृतिक विपद्मा परेकाहरूले राम्रोसँग खान, बस्न पाउने अवस्था नबने पछि खानासम्बन्धी रोग, आँखा पाक्ने रोग र मानसिक रोग पनि देखिने डा बुढाथोकीको भनाइ छ । प्राकृतिक विपद्पछि मन्त्रालयले स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वास्थ्यकर्मी र जनप्रतिनिधिमार्फत शुद्ध उमालेको पानी पिउन र सरसफाइमा ध्यान दिन आवश्यक सचेतना फैलाउन आग्रह गरिएको उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयले आपत्कालीन अवस्थामा आइपरी स्वास्थ्य संस्थामा जानु परेमा तालिम प्राप्त चालक र स्वास्थ्यकर्मीसहितको एम्बुलेन्सको व्यवस्था रहेकाले हटलाइन १०२ मा सम्पर्क गर्न अनुरोधसमेत गरेको छ ।

यस्तै, आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी कुनै समस्याबारे जानकारी आवश्यक परेमा ११९५ मा सम्पर्क गर्न पनि आग्रह गरिएको छ । मन्त्रालयले निरन्तर वर्षाका कारण पहिरो र तथा अन्य प्राकृतिक प्रकोप उत्पन्न भई दुर्घटना, चोटपटक र

*बाँकी अन्तिम पृष्ठमा*

# तिलाठी कोइलाडीका तीन सय बढी घर डुबानमा



**दैनिक समाचारदाता राजविराज, १९ असोज ।**

जिता नदी र खाडो खोलाको बाढी बस्तीमा पस्दा सप्तरीको तिलाठी कोइलाडीका ३०० बढी घर डुबानमा परेका छन् ।

तिलाठी कोइलाडी गाउँपालिकाका पाँचवटै वडामा बाढी पसेको छ । गाउँपालिकाका विपद् संयोजक राजेशकुमार झाका अनुसार वडा नं २

*बाँकी दुई पृष्ठमा*

# बाढीमा फसेका २० जना स्थानीयलाई सेनाले गर्‍यो उद्धार



**दैनिक समाचारदाता राजविराज, १९ असोज ।**

अविरल वर्षापछि आइतबार बिहान आएको बाढीका कारण सप्तरीको सप्तकोशी नगरपालिकामा डुवानमा परेका बीस जनालाई नेपाली सेनाको टोलीले उद्धार गरेको छ ।

सो नगरपालिका वडा नं. ६ स्थित बोचही पोखरीया टोल आसपासका ४२ घरधुरी डुवानमा परेपछि नेपाली सेनाको राजविराजस्थित बरख गणको टोलीले ती व्यक्तिहरुको सकुशल उद्धार गरेको हो ।

बरख गणको सुरक्षा वेश सप्तरीबाट सहायक सेनानी

*बाँकी दुई पृष्ठमा*

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।**

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विज्ञ भन्छन्- विपद्मा मनोबल उच्च बनाउनुहोस्

**प्रगति ढकाल**

काठमाडौँ, १९ असोज (रासस)।

***तेता के के हुँदै छ, यता बाढी पसेर***
***फेरि हामी दुखिकै खायो मुटु कलेजा***
***हामी भयौं बेघरबार, हामी भयौं बेघरबार***
***चरी लैजा समाचार, हामी भयौं बेघरबार***

गायक अञ्जान बाबुको स्वरमा गुन्जिएको यो गीत सुन्दा यस्तो लाग्छ, नेपालको प्रत्येक वर्षको मनसुनी विपद्को कथा यही हो। निरन्तरको भारी वर्षासँगै देशका विभिन्न स्थानमा कतै पानीको बहाव बढेर बाढी बस्ती छिर्छ र बस्ती डुबाउँछ। कतै पहिरोले बस्ती बगाउँछ। अनि यो गीतका शब्द, स्वर र पीडा–फेरि पनि नेपालीहरूको मनमा गुञ्जिन्छ।

अहिले जसरी मुलुकका अधिकांश स्थानमा भारी वर्षा भइरहेको छ, कति नदीमा पानीको बहाव बढेर बाढीको जोखिम देखिएको छ। गीतको भावले भनेझैँ कोही पनि घरबारविहीन नहोउन्, कोही कसैले ज्यान नगुमाओस्, अनि कोही कसैले प्रियजन गुमाउन नपरोस्, भन्ने कामना नेपालीहरूले गरिरहेका छन्।

शुक्रबार साँझदेखि नै मुलुकका अधिकांश स्थानमा निरन्तर वर्षा भइरहेको छ। नदीको बहाव बढ्न थालेको छ, पहिरोको खतरा पनि उस्तै छ। मनसुनी विपद्को चपेटामा पर्ने पो हो कि भन्ने डर जनमानसमा देखिन्छ।

सरकारले केही दिनयतादेखि नै मुलुकका विभिन्न स्थानमा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गर्दै आएको छ। कतिपय स्थानमा राहत टोली परिचालनमा छन्। बाढी-पहिरोजस्ता मनसुनजन्य विपद्बाट हुने सम्भावित क्षति कम गर्न मुख्य राजमार्गमा आवागमन बन्द गरिएको छ। कतिपय स्थानमा विद्यालय अस्थायी बास बनेका छन्। तर सर्वसाधारणको मनभित्रको भय पनि उस्तै देखिन्छ।

गत वर्षको असोजमा आएको बाढीले ललितपुर महानगरपालिका-२५ की सविता माझीको घरमै पसेर भागाभाग गराएको थियो। अहिले पनि निरन्तर भइरहेको वर्षाले उहाँलाई अझै झस्काएको छ। कतै बाढीले फेरि उठिबास लगाउने हो कि भन्ने भयले माझीलाई बिचलित बनाएको छ।

"साना बालबच्चा छन्, गत वर्ष त स्कुलमा गएर बस्यौं, कति दिन भोकै भयौं, अहिले पनि डर छ नि, फेरि बाढी आउँछ कि भन्ने। आयो भने कता भाग्ने भन्ने पनि थाहा छैन," उहाँ भन्नुहुन्छ, "पानी नरोकिएसम्म तनाब लागिरहेको छ।"

भक्तपुरकी मनमाया खड्कालाई पनि हनुमन्ते खोलामा जलसतह बढिरहेको समाचारले त्रसित बनाएको छ। पहिले पनि घरभित्रै बाढी पसेको र यसपटक पनि बाढी पस्ने हो कि भन्ने चिन्ताले सताएको छ उहाँलाई।

उहाँहरू त केही उदाहरणका पात्र मात्रै हुनुहुन्छ। यी र यस्तै, अनि यसभन्दा पनि अझ भयानक विपद् भोग्नेहरूलाई अहिलेको निरन्तर वर्षाले तर्साइरहेको छ।

वरिष्ठ मानसिक रोग विशेषज्ञ डा सरोजराज ओझाले प्राकृतिक विपद्को समयमा हुने धनजनको क्षतिको कारण मानिसको मानसिक स्वास्थ्यमा असर पार्न सक्ने र यसले मनोवैज्ञानिक रूपमा त्रास उत्पन्न गराउन सक्ने बताउनुहुन्छ। "यस्तो अवस्थामा विपद्लाई स्वीकार गर्नुपर्छ र सावधानी अपनाएर सुरक्षित रहनुपर्छ। धनजनको क्षति हुँदा मानिस आत्तिनु स्वाभाविक हो, तर यसलाई स्वीकार गरेर मनोवैज्ञानिक रूपमा आफूलाई बलियो बनाउनुपर्छदघस। समाज, आफन्त, परिवार र राज्यको साथले त्यस्ता व्यक्ति मानसिक रूपमा बलियो बन्न सक्छन्," उहाँले भन्नुभयो।

डा ओझाका अनुसार, विपद्पछि देखा पर्ने सामान्य लक्षणमा तनाव, डर, निन्द्राको समस्या, रक्सी वा अन्य नशाको सेवनजस्ता समस्या देखिन सक्छन्। डर र त्रास उत्पन्न भइसकेपछि सकेसम्म आफूले नियन्त्रण गर्ने, सहयोग लिन र स्वस्थ जीवनशैली अपनाउनु नै उत्तम हुन्छ," उहाँले भन्नुभयो।

डा ओझाका अनुसार, मनो-सामाजिक स्वास्थ्य कायम राख्न नकारात्मक समाचार कम हेर्नु, सकारात्मक जानकारीमा ध्यान दिनु, योग र हल्का व्यायाम गर्नु, आवश्यक परे परिवार वा मित्रसँग कुरा गरेर सहयोग लिनु, र अत्यधिक तनाव वा उताउलोपन भए मनोचिकित्सकको परामर्श लिनु उचित हुन्छ।

"विपद्पछिको मनो-सामाजिक परामर्श सार्वजनिक र व्यापक रूपमा पहुँचयोग्य हुनुपर्छ," उहाँले थप्नुभयो, "मनोवैज्ञानिक त्रास भन्नाले यस्तो अवस्था जनाउँछ, जहाँ मानिसले अकल्पनीय पीडा वा क्षति भोगेपछि आफ्नो मानसिक सन्तुलन र भावनात्मक स्थिरता गुमाउँछ।"

### विपद्पछि मानसिक स्वास्थ्यमा प्रभाव बढ्न सक्छ : विशेषज्ञ

ललितपुरस्थित पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा वासुदेव कार्कीका अनुसार, हरेक प्रकारका विपद्को समयमा मानिसमा मनोवैज्ञानिक असर पर्न सक्छ। उहाँले योजनाअनुसार अघि बढिरहेको जीवनमा अचानक आएको विपद्ले मनमा नकारात्मक प्रभाव पार्छ र त्यसको गम्भीरता व्यक्ति अनुसार फरक पर्न सक्ने बताउनुभयो।

डा कार्की भन्नुहुन्छ, "विगतका अनुभव, सामना गर्ने क्षमता र सहयोगी संयन्त्रको अभावले विपद्को समयमा मानसिक प्रभाव पनि फरक पर्छ। कुनै व्यक्तिमा हल्का तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुन सक्छ।"

उहाँका अनुसार, विपद्पछि देखा पर्न सक्ने आम मनोवैज्ञानिक समस्यामध्ये चिन्ता (एन्जाइटी) र डिप्रेशन प्रमुख हुन्। विपद्का कारण लामो समय तनाव लिँदा निन्द्रामा समस्या आउने, लागुऔषधको प्रयोग बढ्ने, घरेलु हिंसा वृद्धि हुने र पारिवारिक सन्तुलन बिग्रने जस्ता समस्या देखिन सक्छन्। "अत्यधिक निराशाको अवस्थामा आत्महत्यासम्मको खतरा रहन्छ," डा कार्कीले भन्नुभयो।

उहाँका अनुसार, यस्ता अवस्थाबाट बच्न मानसिक स्वास्थ्यसम्बन्धी सहयोग र परामर्श अत्यावश्यक हुन्छ। "कसैले पनि आफ्नो समस्या लुकाउन हुँदैन, खुल्न सक्नुपर्छ, कठिन समयमा साथ दिनु, सकारात्मक सामाजिक माहोल बनाउनु र सहानुभूतिपूर्ण व्यवहार गर्नु महत्त्वपूर्ण हुन्छ," उहाँले सुझाउनुभयो।

डा कार्कीले मानसिक स्वास्थ्य सहयोगका लागि निःशुल्क हटलाइन सेवा '११६६' मा सम्पर्क गर्न सकिने जानकारी दिनुभयो। साथै, मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका बिरामीलाई सामाजिक संघ-संस्थासँग समन्वय गरी आवश्यक सहयोग पुऱ्याउने पहल भइरहेको पनि उहाँको भनाइ छ।

"विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक समुदायका व्यक्ति तथा पहिले नै मानसिक समस्या भोगिरहेका व्यक्तिहरू विपद्पछि मनो-सामाजिक समस्यामा बढी संवेदनशील हुने गर्छन्," उहाँले थप्नुभयो। उहाँले सरकार, समुदाय र परिवार सबैले मिलेर विपद्पछि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

### विपद्को समयमा मनोबल उच्च बनाउन आवश्यक

अहिलेको जस्तो प्राकृतिक विपद्को समयमा मानिसको मानसिक स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्नका लागि सकेसम्म मनोबल उच्च राख्न आवश्यक रहेको बताउनुहुन्छ मनोविद् डा करुणा कुँवर। अग्रीम सचेतना र आवश्यक तयारी गर्न सके मानसिक रूपमा हुन सक्ने समस्या कम हुने उहाँको भनाइ छ।

डा कुँवरका अनुसार, विपद् अघि नै मानिसलाई सुरक्षित रहन सचेत गराउने र मानसिक रूपमा तयार पार्न पनि उत्तिकै आवश्यक हुन्छ। "सरकारले विपद् पूर्वतयारी र विपद् व्यवस्थापनमा राम्रो तयारी गरेको भए पनि घरबार गुम्ने डर, परिवार वा आफन्त गुमाउने भयलगायतका कारण मानिसमा तनाव बढ्न सक्छ," उहाँले भन्नुभयो, "तसर्थ मनोबल उच्च राख्दै जो जहाँ छन् त्यहीँ सुरक्षित रहनुपर्छ। यस्तो अवस्थामा विशेषगरी बालबालिका र वृद्धवृद्धिलाई सुरक्षित स्थानमा राख्नुपर्छ।"

कुँवरले विपद्का क्रममा मनोवैज्ञानिक त्रास बढ्ने र मानसिक समस्याका कारण परामर्श लिन आउने घटना देखिएको स्मरण गर्नुभयो। "विगतका घटनाले पनि मानिसलाई अझै तर्साउँछ। यसले थप मानसिक असर पर्न सक्छ। कुनै पनि विपद्पछि मानसिक रूपमा बलियो हुन कतिपयका लागि सहज हुन सक्छ भने कसैलाई लामो समय लाग्न सक्छ," उहाँले भन्नुभयो।

डा कुँवरका अनुसार, समयमै परामर्श लिनु, संयमित रहनु र मानसिक तयारी अपनाउनु आवश्यक हुन्छ। समुदायस्तरमा पनि विपद्पछिको मानसिक स्वास्थ्य कायम राख्न सहयोग पुग्छ। उहाँले सबैलाई मानसिक स्वास्थ्यको ख्याल राख्न र विपद्पछि समुदाय तथा परिवारमा सहयोग र सहकार्यको वातावरण बनाउन आग्रह गर्नुभयो।

### गर्भवतीमा मानसिक र शारीरिक प्रभाव

बाढी-पहिरोजस्ता प्राकृतिक विपद्को समयमा गर्भवतीको शारीरिक स्वास्थ्य र मानसिक अवस्थामासमेत बढी प्रभाव पर्न सक्ने विशेषज्ञको भनाइ छ। स्त्रीरोग विशेषज्ञ तथा प्रसूति चिकित्सक डा इसा श्रेष्ठ भन्नुहुन्छ, "विपद्को समयमा गर्भवतीमा डर, तनाव, रक्तचाप वृद्धि र मानसिक अस्थिरता देखा पर्न सक्छ। सुरक्षित रहनु, हतारमा स्वास्थ्य केन्द्रमा नजानु र मानसिक स्थिरता कायम राख्नु आवश्यक हुन्छ।"

डा श्रेष्ठका अनुसार, विपद्को समयमा धनजनको क्षति हुने डर, विपद्को सामना कसरी गर्ने भन्ने चिन्ता, विपद्मा भइपरी स्वास्थ्य समस्या देखिएमा के गर्ने भन्ने चिन्ताका कारण पनि गर्भवतीमा मानसिक तनाव उच्च हुनसक्छ।

"विपद्को समयमा सकेसम्म घरबाहिर ननिस्किएर सुरक्षित स्थानमा बस्नुपर्छ। चिकित्सकले फलोअपमा बोलाएको समयमा आए पनि केही दिन ढिलो गरी अस्पताल जाँदा फरक पर्दैन। तर यदि योनीबाट रगत बग्ने, दुखाइ बढ्ने वा स्वास्थ्यमा तत्काल समस्या देखिएमा मात्र स्वास्थ्य केन्द्र पुग्नुपर्छ," उहाँले सुझाव दिनुभयो।

### आधिकारिक सूचनामा भर पर्न आग्रह

जल तथा मौसम विज्ञान विभागले विपद्को समयमा अनावश्यक रूपमा सामाजिक सञ्जालमा भ्रम छर्ने किसिमका सूचना सम्प्रेषण हुन सक्ने र यसले मानसिक रूपमा त्रास बढाउन सक्ने भन्दै आधिकारिक सूचनामात्रै विश्वास गर्न आग्रह गरेको छ।

विभागले आफ्ना आधिकारिक सामाजिक सञ्जाल फेसबुक र एक्समार्फत पनि सूचना जारी गर्दै विशेष सजक रहन अनुरोध गरेको हो। विभागले बाढी र मौसमसम्बन्धी जानकारीका लागि ११५५ मा फोन गरेर आधिकारिक सूचना लिन सकिने जानकारी दिएको छ।

### होचा स्थान र नदी किनारमा बस्नेले उच्च सतर्कता अपनाउन अनुरोध

विभागले होचा स्थान र नदी किनारमा बस्नेले उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ। आइतबार बिहान ८ बजेसम्म भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै विभागले यी स्थानमा बसोबास गर्ने सर्वसाधारणलाई बाढीबाट बच्न सुरक्षित स्थानमा बस्न आग्रह गरेको छ।

"असोज २० गतेसम्म नै बाढीको जोखिम रहेकाले होचा स्थान तथा नदी आसपासमा रहनेहरूले सुरक्षित स्थानमा बस्नुपर्ने र रातको समयमा अझै बढी चनाखो रहन आवश्यक छ," विभागका बाढीविद् विनोद पराजुलीले भन्नुभयो।

मौसम पूर्वानुमान महाशाखाका अनुसार, आइतबार कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशका अधिकांश स्थानमा पूर्ण बदली रही बाँकी भू-भागमा सामान्य बदली रहनेछ।

कोशी, मधेश र बागमती प्रदेशका धेरै स्थानहरूमा तथा बाँकी प्रदेशका पहाडी र तराई भू-भागका केही स्थानहरूमा मेघगर्जन-चट्याङसहित मध्यम वर्षाको सम्भावना छ। त्यसैगरी कोशी, मधेश र बागमती प्रदेशका पहाडी तथा तराई भू-भागका थोरै स्थानमा र गण्डकी प्रदेशका पहाड तथा लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। कोशी, मधेस र बागमती प्रदेशका पहाडी र तराई भू-भागका एक-दुई स्थानमा धेरै भारी वर्षाको समेत सम्भावना रहेको महाशाखाको भनाइ छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## *तिलाठी कोइलाडीका ...*

लौनियामा खाँडो खोलाको बाँध कटान हुँदा गाउँभर बाढी फैलिएको छभने वडा नं ४ रामटोलमा एक घर भत्किएको छ। वडा नं ३ सकरपुरा बस्तीमा बाढी पस्दा ७५ घर डुबानमा परेका छन्।

उहाँले वडा नं ७ को सरदार टोलमा जिता नदीको बाढी पस्दा १८ घरमा ठूलो क्षति पुगेको र केही परिवारलाई सुरक्षाकर्मी र स्थानीय युवाहरूले उद्धार गरी उच्च स्थानमा सारेको बताए।

वडा नं ५ बर्साइनमा बाढीले सबैभन्दा बढी क्षति पुऱ्याएको छ। वडाध्यक्ष ललन राउतका अनुसार उक्त क्षेत्रमा करिब २०० घरमा बाढी पसेको छ। बाढीपीडितको उद्धार कार्य भइरहेको छ।

## *बाढीमा फसेका ...*

सुकमन तामाङको नेतृत्वमा खटिएको १४ जनाको टोलीले बाढीमा फसेका अशक्त, वृद्ध-वृद्धा, महिला र बालबालिकासहित २० जनालाई उद्धार गरी स्थानीय राष्ट्रिय आधारभूत विद्यालयमा सुरक्षित पुऱ्याएको बरख गणका प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिएका छन्।

वर्षाका कारण सप्तरीका तटीय क्षेत्रमा अझै पनि बाढीको जोखिम कायम रहेको र नेपाली सेनाको उद्धार टोली आउन सक्ने जोखिमका लागि तयारी अवस्थामा रहेको प्रमुख सेनानी चन्दले बताए।

नेपाली सेनाको सक्रियताले ठूलो जनधनको क्षति हुनबाट जोगिएको स्थानीयले बताएका छन्।

# उदयपुरमा गाडी बग्दा एकको मृत्यु, २१ को सकुशल उद्धार

उदयपुर, १९ असोज (रासस)।

बेलका नगरपालिका-४ स्थित लाल बजार नजिकैको अमन खोलाले एक हायस गाडी बगाउँदा २१ जनाको उद्धार भएको छ भने एकजना मृत फेला परेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार गएराति १२ बजे मोरङको विराटनगरबाट काडमाडौँ हिँडेको बा ४ ख १६२८ को हायस गाडी सिन्धुलीको भिमानबाट पुनः फर्कने क्रममा उदयपुरको बेलकास्थित लालबजार नजिकैको अमन खोलाको कजवेमा बाढीले बगाएको हो।

गाडीमा सवार २२ जनामध्ये इलाका प्रहरी कार्यालय बेलका र जिल्ला प्रहरी कार्यालयको टोलीले २१ जनाको उद्धार गरेको थियो भने एकजना बेपता भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङले बताउनुभयो।

बाढीले बगाएको एक जनालाई खोजी गर्ने क्रममा अहिले बिहान इलाका प्रहरी कार्यालय बेलकाको टोलीले बगाएको स्थानभन्दा डेढ किलोमिटर तल गिदेरी खोला नजिकै शव फेला पारेको इप्रकाका प्रमुख मौसम उदासले बताउनुभयो। मृतक मोरङको सुन्दरहरैंचा नगरपालिका बस्ने वर्ष ४० की मञ्जु अधिकारी रहेको प्रहरीले जनाएको छ।

# इतिहासको मूल्य नबिर्सौं

टिकाराम सुनार

काठमाडौँ, १९ असोज (रासस)।

सडकमा उर्लिएको 'जेनजी' प्रदर्शनले निम्त्याएका परिणामहरू हाम्रा अगाडि नै छन्। त्यसको 'रापताप' केही सेलाउँदैछ, तर नेपाली राजनीति र समाजलाई सोधेका कठोर प्रश्न अझै ताते छन्। आक्रोश र निराशाको 'ज्वालामुखी' किन फुट्यो ? हामी यो प्रश्नभन्दा पर पुगिसकेका छौँ। अब त्यसले उत्सर्जन गरेका 'विषय' कसरी सम्बोधन हुन्छन् ? यो प्रश्न हाम्रा अगाडि छ। यसको तत्कालको उत्तर हो- गोलीले दागेका 'घाउ' मा मल्हम लगाउँदै आगामी फागुन २१ मा प्रतिनिधिसभा निर्वाचनको सुनिश्चित गर्नु। दीर्घकालीन उत्तर भने भ्रष्टाचार, कुशासन, दण्डहिनताको अन्त्य गर्दै सुशासन र समावेशी लोकतन्त्र उन्नत बनाउन आवश्यक वातावरण बनाउनु।

अहिले समाजमा आशा र निराशा दुवै मडारिरहेका छन्। कसैले बादलभित्र 'चाँदीको घेरा' देखिरहेका छन् भने कसैले 'कालो बादल'। यी दुई मनोविज्ञानबाट ग्रस्त र त्रस्त हुने अवस्था छ। गलत सूचनाको बाढीले समाजलाई दोबाटोमा उभ्याइरहेको छ। एकातर्फ सुदृढ लोकतन्त्र, सुधारिएको दलीय व्यवस्था, सबैको विकास र सबैको अपनत्व भएको नेपाल। अर्कोतर्फ उत्तेजना र निराशाको आवरणमा भय सिर्जना गरेर 'राष्ट्र' र 'राष्ट्रिय हित' रक्षाको नाममा एउटा 'नायकत्व' भेट्ने बाटो। नेपाली समाजले पहिलो बाटोतर्फको यात्रालाई सुरक्षित देख्छ तर युवा आक्रोसको सही बैठान गर्न सकिएन भने विपरीत मार्ग फराकिलो बन्न सक्छ।

**'युवा आक्रोस'**

असन्तोष नेपाली समाजको स्थायी प्रवृत्तिजस्तै भइसकेको छ। यसको जरा भ्रष्टाचार, असमानता, बेरोजगारी र दण्डहीनतासँग जोडिएको छ। राज्य स्रोतको अस्वाभाविक दोहन गर्ने 'सम्भ्रान्त' प्रवृत्तिले यसमा मलजल गरिरहेको छ। यस्ता प्रवृत्तिविरुद्ध इतिहासमा पटकपटक यसरी आक्रोश पोखिएका छन्। कहिले भद्र, त कहिले उग्र रूपमा, तर जब सुधारको आवाजलाई सुनिँदैन र बेवास्ता गरिन्छ, तब आक्रोसले घृणाको रूप लिन्छ। यसले करिब करिब मोहभङ्गको अवस्था निम्त्याउँछ र विध्वंश त्यसको अभिन्न पक्ष बन्छ। 'जेनजी' प्रदर्शन यही घृणाको विस्तारित रुप हो भन्नेहरू धेरै छन्।

स्वयं जेन जीका प्रतिनिधिले नै परिवर्तनको तीव्र चाहना, शक्ति र सत्ता पुस्तान्तरणको अपिल, स्वदेशमै रोजगारी र असमानता अन्त्य गरिनुपर्छ भन्ने आवाजलाई बेवास्ता गरेपछि यो तहको 'घृणा' उत्पन्न भएको भनिरहेका छन्। फेरि पनि यो आवाज सुन्ने समय छ। यसको समाधान एकै छ- जवाफदेहिता, सुशासन र समान अवसरसहितको समुन्नत नेपाल। सूचना प्रविधिसँगै भइरहेको अभूतपूर्व विकासको गतिसँग गति मिलाउने अवस्था। जेनजीभित्रका अधिकांश समूहले चेतावनी दिँदै भनिरहेका छन्, सामाजिक, राजनीतिक र संरचनागत असफलताले संस्थागत गरेको पुराना समस्याको अन्त्य गर।

**'इतिहासको मूल्य'**

नेपालसँग परिवर्तनका खातिर भएका सशस्त्र र निशस्त्र दुवैखाले विद्रोहको अनुभव छ। विभिन्न समयमा भएका सशस्त्र आन्दोलनको नेतृत्व गर्ने शक्ति (दल) अझै क्रियाशील छन्। त्यहीभित्र 'जेन जी' ले जस्तै सुधारको वकालत गरिरहेको र परिवर्तनका मुद्दा निरन्तर उठाइरहेको ठूलो 'अग्रगामी' हिस्सा छ। विडम्बना त्योभन्दा ठूलो राजनीतिक रूपमा 'सम्भ्रान्त' हिस्सा छ, जो सत्ताको चरम मदहोस्मा 'भाव शून्य' भैँ प्रस्तुत हुन्छ। त्यसले परिणाम दिने सामर्थ्य राख्दैन।

निःशस्त्र विद्रोहको कुरा गर्दा लैङ्गिक समानताका लागि नारीवादी आन्दोलन, पहिचान र आत्मसम्मानका लागि आदिवासी जनजाति, मधेसी, थरुहटलगायत आन्दोलन, मानवोचित व्यवहार, सामाजिक न्याय र समानताका खातिर दलित, पिछडा वर्ग र सीमान्तकृतहरूका आन्दोलन भएका छन्। यी हरेक सङ्घर्षले अगाडि धकेलेका छन्, समकालीन सामन्तवादी समाजलाई अग्रगामी र प्रगतिशील बाटोमा डोऱ्याएका छन्। तिनै आन्दोलनले रैतीलाई नागरिक र नागरिकलाई सार्वभौम बनाएका हुन्।

यो इतिहासको प्रसङ्ग घटनाहरूको विवरण मात्रै होइन, नेपाली समाजको स्मृति, सङ्घर्ष र भविष्य निर्माणको गोरेटो पनि हो। यी इतिहाससँग स्वतन्त्रता, समानता र न्यायका मूल्य गाँसिएका छन्। कहिलेकाहीँ इतिहासका 'गौरवगाथा' स्मृतिमा राख्ने तर मूल्यहरू पन्छाउने प्रयत्न हुन्छन्, त्यसो गर्दा इतिहास केवल पुस्तकमा मात्रै कैद हुन्छ, त्यसले समाज बदल्ने शक्ति बोक्दैन। यसलाई ख्याल गरिएन भने हाल सडकमा पोखिएको आक्रोशलाई पनि समाज बदल्ने शक्तिमा रूपान्तरण गर्न नसकिने खतरा रहन्छ। यसर्थ अब सावधानीपूर्वक इतिहास निर्माणको खाँचो छ। यसरी लेखिने इतिहास केवल घटना र पात्रमा सीमित हुनु हुँदैन, त्यससँग जोडिएका आदर्श र मूल्य पनि हेरिनुपर्छ। सोच्नुपर्छ- मूल्यविहीन इतिहास आत्माविहीन शरीर जस्तै हो, जसको अस्तित्व त हुन्छ तर जीवन हुँदैन।

यसो भनिरहँदा यो पनि भुल्नु हुँदैन-हालको 'जेनजी' विद्रोहभित्र काठमाडौँ मात्रै होइन, देशभरका भावना मिसिएका छन्। देशको राजनीतिक भूगोल मात्रै होइन, त्योभन्दा बाहिर रहेका आमनेपाली सपना जोडिएका छन्। त्यसलाई चिन्नु र सुन्नु सक्नुपर्छ। अब लेखिने इतिहासले १४२ भन्दा बढी जातजाति, १२४ भन्दाबढी भाषाभाषी र १० भन्दाबढी धर्मका संवेदनालाई बोक्न सक्नुपर्छ।

प्रदर्शनका क्रममा बलिदानी दिने र घाइते हुनेका पीडा त छँदैछन्, जनप्रतिनिधिको सर्वोच्च संस्था संसद्, न्यायको मन्दिर सर्वोच्च अदालत र सेवा प्रवाहको थलो सिंहदरबार जलाएपछिको 'आत्मग्लानी' लाई पनि बुझ्नुपर्छ। तिनले पुकारा गरिरहेका छन्-हामीलाई जीवन्त संविधान, अझ सबल र समावेशी राज्य प्रणाली, उन्नत लोकतन्त्र र सद्भावसहितको नेपाल चाहिएको छ।

यसविपरीत कतिपयले संविधान फाल्ने, सङ्घीयता मेटाउने, समावेशी प्रणाली खारेज गर्नेजस्ता अभिव्यक्ति दिइरहेका छन्। यस्ता अभिव्यक्ति र सोचले विगतका हजारौँ सहिद र हालका ७६ जनाको बलिदानी तथा सयौँको रगतको उपहास गर्छ। यो संविधान कागजको दस्तावेज मात्रै होइन, यो हजारौँको बलिदानको उपज हो। यसमा जहाँनिया राणा शासनविरोधी जनक्रान्तिदेखि परिवर्तनका लागि हालसम्म भएका सङ्घर्षका मूल्य र भावना अन्तरनिहित छन्।

**'संविधान र बलिदान'**

हाम्रो अगाडिका उपलब्धि हजारौँ सहिद र लाखौँ नागरिकका सङ्घर्षका परिणाम हुन्। हाम्रो आँकडाले नै यसमा १४ हजार ६०८ जना सहिद (विसं २०८० पुस २४ मा घोषणा) को प्राण छ। लाखौँको रगत लत्पत्तिएको छ। माओवादी सशस्त्र द्वन्द्वमा मात्र १७ हजारले बलिदानी गरेको तथ्य राज्यको स्मृतिमै छ। त्यसबाहेक सामाजिक, सांस्कृतिक, लैङ्गिक र जातीय उत्पीडनविरुद्ध भएका सङ्• •घर्षका थुप्रै कथा इतिहासका पानामा सुरक्षित छन्। यी उदाहरणले आजको नेपाल थुप्रै वीर विरङ्गनाको त्याग र बलिदानीमाथि उभिएको प्रष्ट देखाउँछ। ती सबै भावना संविधानसभामार्फत निर्मित नेपालको संविधानमा समेटने प्रयास भएका छन्। यसको आत्मा गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र र नागरिक सर्वोच्चता हो। भलै यसविरुद्ध र यसलाई अझ समृद्ध बनाउने चाहनासहित विभिन्न समूहले असन्तुष्टि पोखिरहेका छन्। उदारवादी लोकतन्त्रको चरित्र, समाजवादको यात्रा, बहुलवादको सिद्धान्त र सम्पत्तिमाथि व्यक्तिको अधिकार तथा सामाजिक न्याय स्थापनाको सङ्कल्प गरिएकाले ती विरोध यसैभित्र बाँधिएका छन्।

हो, ती सङ्कल्प कार्यान्वयन गर्न राज्यको क्षमता र नेतृत्वको अक्षमताले केही व्यवधान उत्पन्न भएका छन्। ती व्यवधान हटाउँछु भन्ने चाहना भएका हरेक सार्वभौम नागरिकलाई 'नेतृत्व' गर्ने अवसर यसै संविधानले सुरक्षित गरेको छ। यसका लागि राज्यको रु २९ अर्बभन्दा बढी खर्च भएको छ। अनौपचारिक क्षेत्र र गैरसरकारी सङ्घसंस्थाले गरेको हिसाब जोड्ने हो भने यो आँकडा करिब रु ५० अर्ब पुग्ने अर्थविज्ञले नै भन्छन्। आँकडाको कुरा मात्रै होइन, त्यो रकम र समयभित्र अन्तर्निहित मूल्य चानचुने छैन।

त्यसैले 'फलाम तातिएको छ यहीबेला हिर्काउने' भन्ने सोच भएकाहरूको अतिरञ्जनाबाट माथि उठौँ। संविधान र व्यवस्थामा कमजोरी छन्, तर सुधार गर्न सकिने प्रशस्त गुञ्जायस पनि छन्। सुधारको बाटो फराकिलो बनाउनु अहिलेको आवश्यकता हो। अहिलेका समस्या संविधान र व्यवस्थाभन्दा बढी समयको गति पक्रिन नसक्ने, युगको आवाज सुन्न नचाहने नेतृत्व प्रवृत्तिले निम्त्याएका हुन्। यसैविरुद्ध निर्मम चेतावनी दिन 'जेनजी' का नाममा सबै सडकमा आएका हुन्। त्यसैले स्मृतिमै राखौँ, सार्वभौम नागरिक अधिकार खोसिने अवस्था आउँदा र हजारौँको बलिदानीपछिका उपलब्धि माथि धावा बोल्दा नेपाली आत्माहरू बौरिन्छन्। शालिन लाग्ने 'मान्छे' हरूले मौनता भङ्ग गर्छन्। हिजो गरे, आज पनि गर्छन्।

**'सम्हालिँदै अगाडि बढौँ'**

आजको नेपाल बनाउन कैयौँ शताब्दी बितेका छन्, भलै धेरैलाई योभन्दा कैयन राम्रो नेपाल बनाउन सकिन्थ्यो भन्ने लाग्छ। त्यो बहसकै विषय हो, तर आज हाम्रा अगाडि जेजस्तो नेपाल छ, त्यो समयको प्रतिफल मात्रै होइन, पुर्खाहरूको पौरखको उपलब्धि हो। अब यसलाई भत्काउने होइन, सिँगार्नेहरूको खाँचो छ। सबैको अपनत्व र सबैका लागि अवसर भएको नेपाल आजको आवश्यकता हो। त्यस्तो अवस्था बनाउन सकिएमा मात्रै बलिदानको मूल्य सुरक्षित रहन्छ। लोकतन्त्रको भविष्य उज्यालो हुन्छ। काठमाडौँका सडक र मञ्चमा पोखिने आवाज मात्रै होइन, 'समग्र नेपाल' को आवाज सुरक्षित भए मात्रै त्यस्तो नेपाल बन्नसक्छ।

सुन्दर नेपालको सपना देख्दा केही दशकयता मात्रै आत्मसम्मान महसुस गर्न थालेको मधेस (करिब २१ प्रतिशत) को मनोभावना बिर्सन मिल्दैन। समान अवसरको वकालत गर्दा संविधानले सुनिश्चित गरेको सकारात्मक विभेद्पछि राज्य मेरो पनि हो भनेर अपनत्व महसुस गर्न थालेको दलित (१३ दशमलव ४ प्रतिशत) को मलिन आवाजलाई पनि बुझ्नुपर्छ। गणतन्त्र र संविधानपछि राज्यको सर्वोच्च पदमा आफ्नो अनुहार देखेका महिला (५१ दशमलव १३ प्रतिशत) को भावनालाई ठेस पुऱ्याउन मिल्दैन। यही संविधानपछि आफ्नो भाषा, संस्कृति र पहिचानमा गौरव गरिरहेको आदिवासी/जानजाति (३४ दशमलव ८७ प्रतिशत) लगायतको भावनालाई नजरअन्दाज गरिनु हुँदैन। विकट भूगोलकै कारण अवसरबाट पर परेका जनता पिछडिएको भूगोलका आवाज र सबै प्रकारका सामन्तवादी सोचको बर्खिलापमा रहेका बहुसङ्ख्यक खस आर्यको मौनतालाई कमजोर आँक्नु हुँदैन।

यी सबैसँगै भएको सद्भावसहितको नेपालले मात्रै सुन्दर भविष्यको गोरेटो कोर्न सक्छ। यी सबैलाई एकताको सुत्रमा बाधेर हिँड्ने सोचसहित लेखिएको इतिहास मात्रै दिगो हुन्छ। अन्यथा भएका उपलब्धि मेटेर योभन्दा धेरै राम्रो गर्न सकिन्छ भन्ने भ्रम पालेमा 'भुँइको टिप्दा पोल्टाको गुम्ने' अवस्था आउन सक्छ। नेपालको विविधता कमजोरी होइन, यो शक्ति हो। यही विविधताले नेपाललाई विशेष बनाएको छ। संविधान, सङ्घीयता र समावेशी व्यवस्थाले त्यही विविधतालाई संस्थागत गर्ने अठोट बोकेको छ। त्यसलाई गोडमेल गर्दै समुन्नत नेपाल निर्माण गर्ने प्रशस्त ठाउँ छ। सबैलाई जोड्ने सोचसहितको आक्रोसले मात्रै वैधता पाउँछ। त्यस्तो सोचले इतिहास निर्माणको शक्ति आर्जन गर्छ। यसर्थ, सहमति र समन्वयको बाटोबाट युवा पुस्ताले देखेको नेपाल बनाउन हातेमालो गरौँ।

## विश्व समाचार

### भारतका तीन राज्यले बालबालिकाको मृत्युपछि खोकीको सिरपमा प्रतिबन्ध लगाए

नयाँदिल्ली, १९ असोज (रासस/एएफपी)।

कम्तीमा तीन भारतीय राज्यले खोकीको सिरप सेवनपछि धेरै बालबालिकाको मृत्यु भएपछि उक्त औषधिमा प्रतिबन्ध लगाएको स्थानीय अधिकारीहरू र रिपोर्टहरूले जनाएका छन्। मध्यप्रदेश र राजस्थानमा अगस्टको अन्त्यदेखि पाँच वर्षमुनिका कम्तीमा नौ बालबालिकाको मृत्यु उनीहरूलाई दिइएको खोकीको औषधिसँग सम्बन्धित रहेको बताइएको छ। भारतको स्वास्थ्य मन्त्रालयले शनिबार दिएको जानकारीअनुसार बालबालिकाले सेवन गरेको सिरपको नमूनामा गरिएको प्रयोगशाला परीक्षणले औद्योगिक विलयमा (सोल्भेन्ट्स) प्रयोग हुने विषाक्त पदार्थ डाइथाइलिन ग्लाइकोल (डिइजी) पाइएको छ, जुन सानो मात्रामा पनि सेवन गरेमा घातक हुन सक्छ।

"नमूनाहरूमा स्वीकार्य सीमाभन्दा बाहिर डिइजी पाइएको छ", मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ। 'कोल्ड्रिफ कफ सिरप' नामक ब्रान्डमा बिक्री हुने यो उत्पादन दक्षिण भारतको तमिलनाडु राज्यस्थित स्रेसन फार्मा कम्पनीले उत्पादन गरेको हो। "यस सिरपको बिक्री सम्पूर्ण मध्य प्रदेशमा प्रतिबन्धित गरिएको छ", मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवले भन्नुभयो। उहाँका अनुसार उक्त कम्पनीका अन्य उत्पादनहरूमा पनि बिक्री प्रतिबन्ध लगाइएको छ।

त्यस्तै, तमिलनाडु र केरला राज्यका अधिकारीहरूले समेत उक्त सिरपको बिक्रीमा रोक लगाएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्। हालका वर्षहरूमा भारतमा निर्मित खोकीका सिरपहरू विश्वव्यापी रूपमा विवादमा आएका छन्। सन् २०२२ मा गाम्बियामा ७० भन्दा बढी बालबालिकाको मृत्यु भएपछि भारतका औषधि उत्पादनहरू पुनः गम्भीर छानबिनको दायरामा आएका हुन्।

### बिटक्वाइनको मूल्य १ लाख २५ हजार डलर नाघ्यो

टोकियो, १९ असोज (रासस/एएफपी)।

विश्वकै अग्रणी क्रिप्टोकरेन्सी बिटक्वाइन आइतबार नयाँ रेकर्ड उचाइमा पुगेको छ। यसको मूल्य एक लाख २५ हजार अमेरिकी डलरभन्दा माथि पुगेको छ। बिटक्वाइनको मूल्य एक लाख २५ हजार ६८९ डलरसम्म उक्लिएको छ। यसले यसअघि गत अगस्टमा कायम गरिएको एक लाख २४ हजार ५०० डलरको रेकर्डलाई तोडेको छ।

अमेरिकी सरकारको सटडाउनबारे लगानीकर्ताहरूमा देखिएको अनिश्चितता र सतर्कताले बिटक्वाइनको मूल्यमा बलियो वृद्धि ल्याएको विश्लेषकहरूले बताएका छन्।

ब्लुमबर्ग न्युजका अनुसार अमेरिकी सेयर बजारमा हालै देखिएको लाभले पनि बिटक्वाइनको वृद्धिलाई थप ऊर्जा दिएको छ। लगानीकर्ताहरू अहिले सङ्घीय सरकारका कोषसम्बन्धी वार्ता जारी रहँदा सुरक्षित सम्पत्तिको खोजीमा छन् र बिटक्वाइन त्यसको प्रमुख विकल्प बन्दै गएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उहाँको परिवार पनि क्रिप्टोकरेन्सीका ठूला समर्थकका रूपमा परिचित हुनुहुन्छ। उहाँहरू विभिन्न क्रिप्टो परियोजनाहरूमा संलग्न रहँदै आउनुभएको छ जसले उहाँहरूको सम्पत्ति वृद्धि गर्न मद्दत गरेको मानिन्छ।

ट्रम्प प्रशासनले डिजिटल सम्पत्तिप्रतिको समर्थनका माध्यमबाट आफ्नो डेमोक्रेटिक पूर्ववर्ती जो बाइडेनको सरकारअन्तर्गत क्रिप्टो उद्योगमाथि देखिएको संदेहपूर्ण दृष्टिकोण उल्ट्याएको हो। अमेरिकी कंग्रेसले यसै वर्ष जुलाईमा तीन ऐतिहासिक क्रिप्टोकरेन्सी विधेयक पारित गरेको थियो। यी नियामक सुधारहरूले बिटक्वाइनको मूल्य वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेका विश्लेषकहरूको भनाइ छ।

क्रिप्टो प्राइम ब्रोकरेज कम्पनी फाल्कनएक्सका बजार विभागका सह-प्रमुख जोशुआ लिमले ब्लुमबर्ग न्युजसँग कुरा गर्दै भन्नुभयो, "इक्विटी, सुन र पोकेमोन कार्डजस्ता सम्पत्तिहरू सबै ऐतिहासिक उच्चस्तरमा पुगेका बेला बिटक्वाइनले डलर कमजोर भएको कथाबाट फाइदा उठाउनु कुनै आश्चर्य होइन।"

### दार्जिलिङमा भीषण पहिरो र बाढी, कम्तीमा २० जनाको निधन

कोलकाता, १९ असोज (रासस/एएफपी)।

भारी वर्षाले निम्त्याएको बाढी र पहिरोका कारण उत्तरी भारतको दार्जिलिङ क्षेत्रमा कम्तीमा २० जनाको ज्यान गएको यस क्षेत्रका सांसदले आइतबार जानकारी दिएका छन्।

पूर्वी राज्य पश्चिम बङ्गालको पहाडी जिल्लामा रातभरको भीषण वर्षाले ३०० मिलिमिटर (१२ इन्च) भन्दा बढी वर्षा हुँदा नदीहरूमा आएको भेलले गाउँ तथा पूर्वाधारहरूमा ठूलो क्षति पुऱ्याएको छ। प्रचण्ड पानीको भेलले पुलहरू भत्काइदिएको छ र सडकहरू ध्वस्त पारेका छन्।

"गत रात दार्जिलिङ पहाडमा आएको भीषण आँधी-वर्षाका कारण २० जनाभन्दा बढीले ज्यान गुमाएका छन्", भारतको माथिल्लो सदनका सांसद हर्षवर्धन शृङ्गलाले भन्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनामा गहिरो दुःख व्यक्त गर्दै 'ज्यान गुमाएका सबैप्रति श्रद्धाञ्जलि व्यक्त गर्दछु। दार्जिलिङ र आसपासका क्षेत्रमा वर्षा र पहिरोपछि उत्पन्न अवस्थालाई सरकार निरन्तर निगरानी गरिरहेको छ' भनेर सामाजिक सञ्जालमा लेख्नुभएको छ।

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले पनि विज्ञप्ति जारी गर्दै भन्नुभयो, "हिजो राति केही घण्टाभित्र परेको अप्रत्याशित भारी वर्षा र नदीमा आएको तीव्र भेलका कारण धेरै क्षेत्रहरू बाढी र पहिरोबाट प्रभावित भएका छन्।"

मुख्यमन्त्री बनर्जीका अनुसार दुईवटा फलामका पुलहरू भत्किएका छन्, धेरै सडकहरू क्षतिग्रस्त भएका छन्, र ठूला क्षेत्रहरू पानीमा डुबानमा परेका छन्। दक्षिण एसियामा मनसुनको समयमा बाढी र पहिरो सामान्य भए पनि वातावरणविद्हरूका अनुसार जलवायु परिवर्तन र अव्यवस्थित विकासका कारण यस्ता प्राकृतिक विपद् हालका वर्षहरूमा झन् बारम्बार र घातक बन्दै गएका छन्।

# मधेसको जनजीवन प्रभावित

धनुषा, १९ असोज (रासस) ।
धनुषासहित मधेसका प्रायः सबै जिल्लामा शुक्रबार रातिदेखि नै मेघ गर्जनसहित अविरल पानी परिरहँदा जनजीवन प्रभावित बनेको छ ।

दसैँको समयमा निरन्तर मुसलधारे वर्षा भई बाहिर निस्कनैर नसक्ने अवस्था आउँदा जनजीवन प्रभावित बनेको हो । भारी वर्षा जारी रहेकाले अत्यावश्यक काम परेका मानिससमेत घर बाहिर निस्कन सकेका छैनन् । मान्यजन कहाँ दसैँको टीका, जमरा ग्रहण गर्न जानुपरे पनि लगातार झरी परिरहँदा घरमै थुनिएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम निरन्तरको वर्षाले जलमग्न बनेको छ । अविरल वर्षा जारी रहँदा जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश बस्ती, बजार र सरकारी कार्यालय परिसर पानीले डुबानमा परेका छन् । नगर प्रमुख मनोज साहका अनुसार बर्सेनि दोहोरिने समस्या यस वर्ष झन गम्भीर बनेको छ । "पानीको उचित निकास नहुँदा सहरका मुख्य सडकदेखि आवासीय क्षेत्रसम्म डुबान भएको छ, जनताले घरभित्रै पानी जमेको गुनासो गरेका छन्", उहाँले भन्नुभयो ।

उहाँले पानी निकासको लागि नगर प्रहरीसहित पालिकाबाट हुने हरेक प्रयास जारी रहेको बताउनुभयो । प्रमुख साहका अनुसार विशेष गरी जनकपुरधामको रामानन्दचोक, जानकी मन्दिर वरपर, राजदेवी मन्दिर रोड, सब्जी बजार, अस्पताल क्षेत्रलगायत स्थानमा पानीको स्तर बढ्दै गएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, हुलाक कार्यालय, राष्ट्रिय समाचार समिति(रासस)को कर्यालय लगायतका सरकारी भवन परिसरमा पानी जमेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशका विभिन्न नदीमा जलस्तर बढ्दै गएको जनाउँदै प्रहरी र सशस्त्र बललाई पूर्ण तयारी अवस्थामा रहन निर्देशन दिनुभएको छ । मुख्यमन्त्री सिंहले मधेश प्रदेश प्रहरी प्रमुखसँग सम्पर्क गरी जोखिम क्षेत्रका बासिन्दालाई तुरुन्तै सुरक्षित स्थानमा सार्न आदेश दिनुभएको हो ।

"बाढी र डुबानले जनजीवन जोखिममा परेको छ, प्रशासन, सुरक्षा निकाय र स्थानीय तह सबैले समन्वय गरेर तत्काल उद्धार र राहतका उपाय अपनाउनुपर्छ", मुख्यमन्त्री सिंहले भन्नुभयो । प्रदेश सरकारका अनुसार बागमती नदीमा अहिले करिब पाँच हजार ५०० क्युसेक पानीको बहाव भइरहेको छ । यो खतराको तहभन्दा ५०० क्युसेक बढी हो । बागमती बैराजका सबै ढोका खोलिएका छन् ।

मुख्यमन्त्री सिंहले भन्नुभयो, "कुलेखानी जलविद्युत् केन्द्रको बाँधका ढोका खोलिँदै गइरहेकाले बागमती नदीमा थप पानी आउन सक्छ, त्यसैले रौतहट र सर्लाहीका तटीय क्षेत्र उच्च सतर्क रहनु अत्यावश्यक छ ।"

मधेश प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीका अनुसार हालसम्म प्रदेशका कुनै पनि जिल्लामा ठूलो मानवीय क्षति भएको छैन । "प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका टोली सतर्क छन्, जोखिम क्षेत्रका बासिन्दालाई सचेत गराइरहेका छौँ", उहाँले भन्नुभयो । प्रहरीका अनुसार बाढी नियन्त्रणका लागि तटबन्ध मर्मत र तत्काल उद्धार कार्यका लागि तयारी भइरहेको छ । स्थानीय प्रशासनले किसानलाई मौसमअनुसार सतर्क रहन अपिल गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले पनि नदी आसपासका बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । कमला र रातुखोलाको सतह बढ्दै गएकाले कुनै पनि बेला पानीले तटीय क्षेत्र प्रभावित पार्न सक्ने जनाइएको छ । उपमहानगरपालिकाले पनि नागरिकलाई अनावश्यक आवागमन नगर्न, विद्युतिय उपकरण सुरक्षित स्थानमा राख्न र विद्यालयका गतिविधि अस्थायी रूपमा स्थगित गर्न अनुरोध गरेको छ ।

त्यसैगरी जनकपुरधामबाट छुट्ने सङ्घीय राजधानी काठमाडौँ जाने सवारीसाधन ठप्प भएपछि शनिबार बिहान काठमाडौँ हिँडेका कतिपय मानिस बाटोबाटै फर्किएका छन् । दसैँ मनाएर शनिबार बिहान काठमाडौँ फर्कने गाडी बुक गरे पनि भारी वर्षाका कारण गाडी जानै नसकेको क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरका बासिन्दा नवीनराज दाहालले बताउनुभयो । भारी वर्षाका कारण धनुषासहित तराई क्षेत्रबाट काठमाडौँ जाने गाडी ठप्प भएका छन् । लामो दुरीमा चल्ने अन्य गाडी पनि कम मात्रामा चलिरहेका छन् ।

क्षीरेश्वरनाथ नगरपालिका-९ का वडाध्यक्ष मोदकुमार महतोले प्रत्येक खोलामा ठूलो बाढी आएकाले खोलापर्ने क्षेत्रमा पैदल हिँडेरै जाने अवस्थासमेत नरहेको बताउनुभयो । भारी वर्षाले गर्दा यहाँ बिजुली अनियमित बनेको छ । अधिकांश स्थानमा मोबाइलको नेटवर्कसमेत अवरुद्ध हुँदा टेलिफोन सम्पर्कमै समस्या पैदा भएको स्थानीयले गुनासो गरेका छन् । लगातार पानी परिरहँदा पशुपालक किसानलाई पशुका लागि आहारा जुटाउन समस्या परेको छ । पानी पर्न नरोकिँदा शनिबारदेखि दिनभर जनकपुरधाम, महेन्द्रनगर, ढल्केबर, सबैला, गोदारसहित जिल्लाका हाटबजारका अधिकांश पसल तथा व्यवसाय खुल्न सकेको छैन ।

प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्यले बाढी तथा डुबानको समस्या आउनासाथ तत्काल उद्धारको काम गर्न तयार अवस्थामा रहेको बताउनुभयो । आचार्यले करिब ३० घण्टादेखि अविरल वर्षा भइरहँदा आइतबार बिहान १० बजेसम्म जिल्लामा केही ग्रामीण भेगमा बाढी तथा डुबानको समस्या देखिए पनि अहिलेसम्म कुनै किसिमको मानवीय क्षति नभएको बताउनुभयो ।

कमला, जलाद, औरही, दूधमती, हर्दिनाथलगायतका खोलामा शनिबार अपरान्हबाट बाढी बढ्न थालेको छ । खोला किनारका स्थानीयलाई सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ ।

# इलाम पहिरोमा ज्यान गुमाउनेको संख्या ३७, सबैको सनाखत

इलाम, १९ असोज (रासस) ।
इलाममा अविरल वर्षासँगै गएरातिको पहिरोमा परी ज्यान गुमाउनेको सङ्ख्या ३७ पुगेको छ । पछिल्लो विवरणअनुसार यसअघि बेपत्ता भएका तीन जनाको शव प्राप्त भएसँगै ज्यान गुमाउनेको सङ्ख्या ३७ पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एकनारायण कोइरालाले जानकारी दिनुभयो ।

पहिरोमा परी ज्यान गुमाउनेमा माईजोगमाई गाउँपालिका-६ का २८ वर्षीय किरण थेवे, १८ वर्षीया मनमाया थेवे, तीन वर्षीया मुनुसा थेवे, माईजोगमाई-३ का ८२ वर्षीय बर्मालल सोडमी, ७० वर्षीया बुद्धमाया सोडमी, ४६ वर्षीय धनबल सोडमी, ४२ वर्षीया सरला सोड्मी र १४ वर्षीया प्रकृती सोडमी रहेका छन् ।

यस्तै, फाकफोकथुम गाउँपालिका-३ का २८ वर्षीय सुरेश लिम्बू, सूर्योदय नगरपालिका-१ की ६५ वर्षीया मनमाया क्षेत्री र १० वर्षीया रस्मिका क्षेत्री, इलाम नगरपालिका-६ का २३ वर्षीय समिर देउजाली, प्रवीण गुरुङ र विराज पाखिन तामाङले पहिरोमा परी ज्यान गुमाएका छन् ।

यस्तै, देउमाई नगरपालिका-५ का २२ वर्षीय रोशन लिम्बू, २२ वर्षीया बेबिसा राई, ३० वर्षीय दीपक लिम्बू, २७ वर्षीया ऋषिका लिम्बू, १० वर्षीया दिपिस्का लिम्बू, देउमाई-३ का २८ वर्षीय कृष्ण मगर र माई नगरपालिका-५ की ८ वर्षीया प्रिन्सिखा मगरको ज्यान गएको छ ।

पहिरोमा परी माङसेबुङ गाउँपालिका-१ का ५७ वर्षीया कृष्णमाया लिम्बू र ५० वर्षीया माया लिम्बू, सन्दकपुर गाउँपालिका-१ का ४३ वर्षीय भीमबहादुर राई, ६६ वर्षीया हरिमाया राई, ४७ वर्षीया देवी राई, ५४ वर्षीय शेखर राई, ७४ वर्षीया शारदा सेढाईं र ४८ वर्षीया तारादेवी राईको ज्यान गएको छ ।

पहिरोमा विभिन्न कामले इलाम आएका जिल्लाबाहिरका नागरिकले समेत ज्यान गुमाएका छन् । यसरी ज्यान गुमाउनेमा झापाको अर्जुनधारा नगरपालिका-६ की ३२ वर्षीया अनु तामाङ र ती वर्षीय आवास दनुवार, पाँचथरको फाक्टेपका नौ वर्षीय सौजन लिम्बू र ११ वर्षीय सौगात लिम्बू र मिक्लाजुङ गाउँपालिका-६ की १७ वर्षीया नेहा राई रहेका छन् । यस्तै, दोलखा घर भएका ४५ वर्षीय दीप बस्नेत, ४४ वर्षीया भवानी बस्नेत र १२ वर्षीया दिव्या बस्नेतको मृत्यु भएको छ ।

यस्तै, इलाम नगरपालिका-६ का ४८ वर्षीय महेन्द्र लिम्बू पहिरोमा बेपत्ता भएका र उहाँको खोजीकार्य जारी रहेको प्रहरी उपरीक्षक कोइरालाले बताउनुभयो । क्षतिको विवरण सङ्कलन गर्ने कार्य जारी रहेको पनि उहाँले जानकारी दिनुभयो । "सबैतिरबाट क्षतिको विवरण आउने क्रम जारी छ", कोइरालाले भन्नुभयो, "सडक अवरुद्ध, विद्युत् र इन्टरनेटमा समस्याका कारण केही असहज छ, तथापि हामी लागिरहेका छौँ ।"

# त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका सबै उडान नियमित

काठमाडौँ, १९ असोज (रासस) ।
अविरल वर्षा र प्रतिकुल मौसमका कारण स्थगन गरिएका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलका आन्तरिकतर्फका सबै उडान आइतबारबाट नियमित भएका छन् ।

प्रतिकुल मौसमका कारण शनिबार दिउँसोदेखि स्थगन गरिएका अन्तरिकतर्फका सबै उडान तथा अवतरण आइतबार बिहानदेखि मौसममा सुधार आएसँगै नियमित भएका विमानस्थलका महाप्रबन्धक हंसराज पाण्डेले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बिहानदेखि मौसममा सुधार आएको छ, अहिले हाम्रा नियमित उडान तथा अवतरण भइरहेका छन् ।"

जहाज उडान तथा अवतरण नियमित भएसँगै अहिले विमानस्थलको आन्तरिकतर्फ यात्रुहरुको चाप बढेको जनाइएको छ । शनिबार आन्तरिकतर्फका सबै उडान तथा अवतरण स्थगन भएपछि रोकिएका यात्रु गन्तव्यतर्फ गइरहेका छन् ।

आइतबार बिहान मौसम अनुकूल भएसँगै नेपालगञ्ज र भद्रपुरमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट उडान भइसकेको तथा पोखरा र सुर्खेतको मौसम पनि हवाई उडानका लागि मौसम अनुकूल रहेकाले आन्तरिक उडान सुरु गरिएको महाप्रवन्धक पाण्डेले बताउनुभयो । विमानस्थलको अन्तरराष्ट्रियतर्फका उडान तथा अवतरण भने शनिबार बेलुकीदेखि नै नियमित रहेको विमानस्थल कार्यालयले जनाएको छ ।




# विपद्बाट क्षतिग्रस्त सडकको मर्मत कार्य तीव्र गतिमा गरिने

काठमाडौँ, १९ असोज (रासस) ।
ऊर्जा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले वर्षाका कारण बन्द भएको काठमाडौँबाट पश्चिमतर्फका सडक तत्कालै खोल्ने गरी तयारी भइरहेको र विपद्बाट क्षतिग्रस्त विभिन्न सडकको मर्मत कार्य तीव्र गतिमा गरिने प्रतिबद्धता जनाउनुभएको छ ।

आइतबार मन्त्रालयमा गरिएको पत्रकार सम्मेलनमा घिसिङले नेपालको पूर्व क्षेत्रमा अझै पनि वर्षा हुनेक्रम जारी रहेको वर्षा कम भएपछि मात्रै सडक सुधारको कार्य थालिने बताउनुभयो । जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि भने मौसममा सुधार भई वर्षा कम हुने जानकारी गराएको छ ।

शुक्रबारदेखि आइतबारसम्मको लगातार भारी वर्षा र जलवायुजन्य घटनाका कारण देशका विभिन्न स्थानमा उत्पन्न भूस्खलन र बाढीले सडकमा अवरोध तथा यातायातमा ठूलो असर परेको मन्त्री घिसिङको भनाइ छ । "प्रभावित क्षेत्रमा आवश्यक जनशक्ति र उपकरण परिचालन गर्दै, प्रमुख राजमार्गका अवरुद्ध खण्डमा दिनरात मर्मत कार्यलाई तीव्र गति दिइरहेको छ", उहाँले भन्नुभयो ।

विपद्का कारण केही भौतिक क्षति भए पनि सरकारको पूर्वतयारीका कारण ठूलो मानवीय क्षति हुन नपाएको मन्त्री घिसिङले जानकारी दिनुभयो । काठमाडौँदेखि पश्चिम मुग्लिन हुँदै पोखरा र नारायणगढ जाने पृथ्वी राजमार्ग, नारायणगढ-मुग्लिन राजमार्गमा यातायात सञ्चालनमा अवरुद्ध नभएको सडक विभागको भनाइ छ ।

विभागका महानिर्देशक विजय जैसीले बिपी राजमार्ग (भकुण्डेबेंसी-नेपालथोक खण्ड) र मेची राजमार्गको अवरोध हटाउने कार्यमा पनि चाँडै प्रगति हुने बताउनुभयो । सडक विभागले स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी र स्थानीय निकायसँग समन्वय गरी मर्मत तथा सडक खोल्ने कार्यलाई तीव्रता दिएको उहाँको भनाइ छ ।

### *पानीजन्य रोग...*

जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्ने भएकाले अस्पताललाई तयारी अवस्थामा रहन निर्देशनसमेत दिएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*